# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २४ गते, २०७६ साल (अतिरिक्ताङ्क १४


## भाग १

## प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. १२

**<u>प्रदेश नं. ५, प्रदेश पर्यटन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** प्रदेशभित्रका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, व्यवस्थापन, प्रवर्द्धन, विकास र अध्ययन अनुसन्धानका माध्यमले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आर्कषक सेवा सुविधा उपलव्ध गराउन पर्यटकहरूको स्वास्थ्य, सुरक्षा लगायतका हित प्रवर्द्धन गर्न रोजगारीका अवसर श्रृजना गर्दै स्वरोजगारीलाई प्रोत्साहन गर्न र पर्यटन व्यवसायका माध्यमले प्रदेशको गरिवी निवारण तथा समृद्धिमा योगदान पुऱ्याउनका निमित्त आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) **"आन्तरिक पर्यटक"** भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ ।

(ख) **"ट्राभल एजेन्सी"** भन्नाले जुनसुकै नामबाट सञ्चालन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका

स्थानहरूमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) **"ट्रेकिङ्ग एजेन्सी"** भन्नाले जुनसुकै नामबाट सञ्चालन लन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवम् सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानहरूमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) **"पथ प्रदर्शक"** भन्नाले पारिश्रमिक लिई पर्यटकको साथ गई पथ प्रदर्शनका लागि काम गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(च) **"पर्वतारोहण"** भन्नाले प्रदेश भित्र रहेका हिम श्रृंखलाको कुनै निश्चित चूलीमा पुग्ने उद्देश्य लिई कुनै पर्वतारोही दलले त्यस्तो चूलीको आरोहण गर्ने कार्य सम्झनु पर्छ ।

(छ) **"पर्यटक"** भन्नाले बाह्य मुलुकबाट भ्रमणका लागि नेपालमा आउने व्यक्ति सम्झनु पर्छ ।

(ज) **"पर्यटन व्यवसाय"** भन्नाले पर्यटकीय स्थलमा आयोजना गरिने सभा, सम्मेलन, व्यापार, मेला, सांस्कृतिक महोत्सव, धार्मिक पर्यटन, खेलकूदलाई सम्झनु पर्छ । सो शब्दले प्रदेश भित्र सञ्चालित क्यासीनो, शैक्षिक संस्था, स्वास्थ्य संस्था, कृषि, पर्यावरण र पथ पर्यटनलाई समेत सम्झनु पर्छ ।

(झ) **"प्रचलित कानून"** भन्नाले संघीय संसदबाट पारित भई नेपालको समग्र भूभागमा लागू हुने गरी जारी भएको ऐन तथा संघीय सरकारले बनाएको नियमावली समेत सम्झनु पर्छ ।

(ञ) **"पैदल मार्ग"** भन्नाले प्राकृतिक रुपमा रहेका र विकास गरिएका पैदल हिड्ने मार्गलाई सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले पर्यटनसम्बन्धी काम हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्छ ।

(ठ) **"सूचिकृत"** भन्नाले नेपाल सरकारबाट दर्ता भै इजाजत पाएका र प्रदेश सरकारबाट समेत सो काम गर्न अनुमति पाई सूचिकृत भएका ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी वा पर्यटनको क्षेत्रमा काम गर्ने व्यक्ति, संघ, संस्था समेत सम्झनु पर्छ ।

(ड) **"होमस्टे"** भन्नाले स्थानीय नागरिकबाट स्थानीय कला, संस्कृति, रहनसहन, भेषभूषा, खाद्य पदार्थको अवलोकन वा उपयोग गर्नेगरी तोकिएको शुल्कमा पर्यटकलाई उपलब्ध हुने खाना तथा आवासको व्यवस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न इजाजतपत्र लिनुपर्ने**: (१) प्रदेश भित्र कार्यक्षेत्र राखी ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत लिन चाहने व्यक्तिले तोकिए बमोजिम विवरण खुलाई प्रदेश सरकार समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि प्रदेश सरकारले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई तोकिएको दस्तुर लिई तोकिए बमोजिम इजाजतपत्र जारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जारी भएको इजाजतपत्र तोकिएको अवधिभित्र तोकिएको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम प्रदेश नं. ५ कार्यक्षेत्र हुनेगरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले प्रदेश सरकारले तोकेको निकायबाट तोकिए बमोजिम इजाजत लिनुपर्नेछ ।

४. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरणः** (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई प्रदेश सरकारले तोके बमोजिमको सुविधा दिन सक्नेछ ।

५. **अयोग्यता**ः दफा ३ बमोजिमको इजाजतपत्र देहायको व्यक्तिलाई दिइने छैनः-

(क) करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नभएको व्यक्ति,

(ख) दामासाहीमा परेको व्यक्ति,

(ग) दफा ९ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज भै सो मितिले दुई वर्षको अवधि भुक्तान गरी नसकेको व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको व्यक्ति ।

६. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनु पर्ने**ः (१) यस ऐन बमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफ्नो सेवा वापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा लेखिएको शुल्कको दर प्रदेश सरकारले तोके बमोजिम प्रकाशित गर्नु पर्नेछ ।

७. **परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी गर्नु पर्ने**ः (१) यस ऐन बमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा प्रदेश सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी हुने गरी कारोबार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश नं. ५ भित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंक मार्फत गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कारोबार भए नभएको प्रदेश सरकारले जाँच गर्न सक्नेछ।

८. **इजाजतपत्र निलम्बन गर्ने अधिकार**ः (१) देहायको अवस्थामा प्रदेश सरकारले यो ऐन बमोजिम वा प्रचलित कानून बमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्रदेश भित्र लागू हुनेगरी बढीमा ६ महिनासम्मको अवधिको लागि निलम्बन गर्न सक्नेछः–

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लंघन गरेमा, वा

(ख) दफा ५ को खण्ड (ख) वा (घ) बमोजिम अयोग्य भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोल्ने इजाजतपत्र निलम्बन गर्नु अगाडि निजलाई आफ्नो सफाई पेश गर्नका लागि मौका दिनुपर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

९. **<u>इजाजत पत्र खारेज गर्नसक्ने</u>**: दफा ८ बमोजिम निलम्वन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्वनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र प्रदेश सरकारले तोकिए बमोजिम खारेज गर्न सक्नेछ ।

१०. **<u>अनुमति पाई सञ्चालन भइरहेको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजत लिनु पर्ने</u>**: (१) यो ऐन प्रारम्भ हुँदा प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सन्चालन गरिरहेका व्यक्तिले पनि तोकिएको अवधिभित्र तोकिएको विवरण खुलाई प्रदेशमा काम गर्ने अनुमतिका निमित्त प्रदेश सरकार समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र दरखास्त दिने व्यक्तिलाई प्रदेश भित्र काम गर्न पाउने गरी प्रदेश सरकारले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको अनुमति दिनेछ ।

**११. <u>दण्ड सजायः</u>** (१) यस ऐन बमोजिम इजाजतपत्र वा अनुमति नलिई कसैले ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सोसम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा प्रदेश सरकारले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई बीस हजार रूपैयाँ जरिवाना गर्नेछ।

(२) दफा ८ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी काम गरेमा निजलाई प्रदेश सरकारले बीस हजार रूपैयाँ जरिवाना गर्न र त्यस्तो व्यक्तिले पाएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र समेत खारेज गर्न वा प्रदेश भित्र काम गर्न रोक लगाउनेछ।

(३) दफा ७ को उपदफा (१) उल्लंघन गर्ने व्यक्तिलाई प्रदेश सरकारले पहिलो पटक कसूर गरेको भए चालीस हजार रूपैयाँ र दोश्रो पटकदेखि पटकै पिच्छे असी हजार रूपैयाँ जरिवाना गर्नेछ।

(४) दफा ७ को उपदफा (२) उल्लंघन गरे वापत विदेशी विनिमय सम्बन्धी प्रचलित कानून बमोजिम तीनपटक वा सोभन्दा बढी सजाय पाएमा प्रदेश सरकारले त्यस्तो ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज गर्न वा प्रदेश भित्र काम गर्न रोक लगाउनेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले उच्च अदालत समक्ष पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद – ३

## पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट र बार सम्बन्धी व्यवस्था

१२. **पर्यटक स्तरको रूपमा दर्ता गराउन सकिने**: (१) कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुराँ, रिजर्ट वा बारलाई पर्यटक स्तरमा दर्ता गराउन चाहेमा वा प्रचलित कानून बमोजिम दर्ता भएकाले प्रदेश भित्र काम गर्न प्रदेश सरकार समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गराउन वा काम गर्न चाहेको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार तोकिएको सुविधायुक्त भएमा पर्यटकस्तरमा दर्ता वा सूचिकृत गरिनेछ र होटलको हकमा पर्यटकस्तरको तोकिएको वर्गीकरणमा दर्ता वा सूचिकृत गरिनेछ ।

(३) उपदफा (२) बमोजिम होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार दर्ता गर्दा वा सूचीकरण गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

१३. **स्तर निर्धारण समितिको गठन**: (१) आफ्नो प्रदेश भित्र रहेका होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई पर्यटक स्तरमा वर्गीकरण गर्ने सम्बन्धमा सुझाव दिनका लागि प्रदेश सरकारले एउटा स्तर निर्धारण समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा रहने अध्यक्ष र सदस्यहरू प्रदेश सरकारले तोके बमोजिम हुनेछन् ।

१४. **निरीक्षण वा परीक्षण गर्ने अधिकार**: (१) प्रदेश सरकारले दफा १२ बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण

गर्न गराउन र त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरूको परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण वा त्यसमा प्रयोग हुने सामानहरूको परीक्षण गर्दा तोकिएको स्तर बमोजिमको नपाइएमा प्रदेश सरकारले त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई तोकिएको स्तर कायम गर्न मनासिव माफिकको म्याद दिनेछ ।

(३) उपदफा (२) बमोजिम म्याद दिंदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा प्रदेश सरकारले दफा १३ बमोजिमको स्तर निर्धारण समितिको परामर्श लिई त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको दर्ता निलम्बन गर्न वा प्रचलित कानून बमोजिम दर्ता भएको भए काम गर्न रोक लगाउन वा तल्लो स्तरको उपयुक्त वर्गीकरण तोक्न वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गरिएका होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको साविकको तोकिएको स्तर कायम गर्न सफल भएमा प्रदेश सरकारले साविकको स्तर कायम गर्न वा सिफारिश गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्म साविकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको हकमा प्रदेश सरकारले दफा १२ बमोजिम गरिएको दर्ता खारेज गर्न सक्नेछ ।

**१५. मूल्यको सूची प्रकाशित गर्नु पर्ने**: दफा १२ बमोजिम दर्ता भएको प्रत्येक होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले आफ्नो दर वा मूल्यको सूची प्रकाशित गरी मन्त्रालय समक्ष पठाउनु पर्नेछ र मन्त्रालयले तोके बमोजिम प्रकाशित गरी प्रचार समेत गर्नु पर्नेछ ।

**१६. होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार उपर बन्देज**: (१) दफा १२ बमोजिम दर्ता वा सूचिकृत नभएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले देहायको काम गर्न पाउने छैनः–

(क) पर्यटन स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार भन्ने अर्थ लाग्नेगरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपीनको प्रबन्ध गर्नका निमित्त कुनै पर्यटक वा ट्राभल एजेन्सीसँग सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न ।

(२) दफा १२ बमोजिम कुनै तोकिएको वर्गीकरणमा दर्ता भएको होटलले दर्ता भएको स्तर भन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न हुँदैन।

**१७. दण्ड सजाय**: (१) दफा १२ बमोजिम दर्ता नगराई वा सूचिकृत नगरी पर्यटक स्तरको हो भनी कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार सञ्चालन गरेमा वा दफा १६ को उपदफा (१) उल्लंघन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा वा पर्यटकसँग सम्पर्क राखेमा पहिलो पटक भए

दश हजार रूपैयाँ, दोश्रो पटक भए बीस हजार रूपैयाँ र तेश्रो पटकदेखि प्रत्येक पटकको पचास हजार रूपैयाँ प्रदेश सरकारले जरिवाना गर्नेछ ।

(२) दफा १६ को उपदफा (२) उल्लंघन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा प्रदेश सरकारले त्यस्तो होटलको दर्ता निलम्बन वा खारेज गर्न वा काम गर्न रोक लगाउन सक्नेछ ।

(३) दफा १४ बमोजिम प्रदेश सरकारबाट खटिएका कर्मचारीलाई होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरूको परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई प्रदेश सरकारले दश हजार रूपैयाँ जरिवाना गर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रदेश सरकारले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले उच्च अदालत समक्ष पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद –४

## पथ प्रदर्शक सम्बन्धी व्यवस्था

१८. **पथ प्रदर्शकको काम गर्न इजाजतपत्र लिनुपर्ने**: (१) यो ऐन बमोजिम पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले इजाजत पत्र लिनु पर्नेछ ।

(२) पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दरखास्त दिने व्यक्तिलाई तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजतपत्र दिनेछ ।

१९. **अयोग्यता:** देहायको व्यक्तिलाई पथ प्रदर्शकको इजाजतपत्र दिइने छैनः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) दफा २४ को खण्ड (क) वा (ग) बमोजिम पथ प्रदर्शकको इजाजतपत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भई नसकेको ।

२०. **इजाजतपत्रको म्याद**: (१) पथ प्रदर्शकको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) पथ प्रदर्शकको इजाजत पत्रको नवीकरण, नवीकरण दस्तुर र नवीकरण गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

२१. **पथ प्रदर्शकको वर्गीकरण**: पथ प्रदर्शकको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

२२. **इजाजतपत्र हराएमा अर्को इजाजत पत्र लिन सकिने**: (१) कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजतपत्र हराएमा तोकिएको म्यादभित्र तोकिएको अधिकारी समक्ष अर्को इजाजतपत्रका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजत पत्रको प्रतिलिपि दिन सक्नेछ ।

२३. **पथ प्रदर्शकले गर्न नहुने कामहरूः** पथ प्रदर्शकले देहायको कुनै काम गर्नु हुँदैन ।

(क) आफूले पथ प्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरीद गर्ने वा अरू कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसंग सम्बन्धित विक्रेता वा अरू कुनै व्यक्तिसँग नगदी वा अरू कुनै चीज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउ भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजत पत्र अरूलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन ।

२४. **इजाजत पत्र खारेज गर्न सकिनेः** (१) देहायको कुनै अवस्थामा तोकिएको अधिकारीले कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्न सक्नेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएमा,

(ख) दफा १९ को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा २३ को कुनै कुरा उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्नु अगाडि निजलाई आफ्नो सफाई पेश गर्नका लागि मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

२५. **दण्ड सजायः** (१) देहायको कसूर गर्ने व्यक्तिलाई प्रदेश सरकारले देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) दफा १८ बमोजिम इजाजत पत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा पाँच हजार रूपैयाँ जरिवाना, वा

(ख) दफा २० बमोजिम इजाजत पत्र नवीकरण नगरी पथ प्रदर्शकको काम चालु राखेमा पाँच हजार रूपैयाँ जरिवाना।

(२) उपदफा (१) बमोजिम लेखिएदेखि बाहेक कुनै पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा प्रदेश सरकारले पाँच हजार रूपैयाँ जरिवाना गर्न सक्नेछ।

(३) यस दफा बमोजिम प्रदेश सरकारले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र उच्च अदालत समक्ष पुनरावेदन गर्नसक्नेछ।

## परिच्छेद –५

## अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था

२६. **अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः** (१) जलयात्रा (ऱ्याफ्टिङ), ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइङ तथा तोकिएका अन्य पर्यटन व्यवसायहरूको दर्ता गर्ने, इजाजत लिने,

नवीकरण गर्ने, सञ्चालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रचलित कानून बमोजिम दर्ता गरिएका वा इजाजत लिएका पर्यटन व्यवसायीले प्रदेश सरकार अन्तर्गतको तोकिएको निकायमा सूचीकृत भई तोकिए बमोजिम काम गर्न पाउनेछन् ।

२७. **अनुमति लिनु पर्ने**: जलयात्रा, पदयात्रा तथा दफा २६ मा उल्लेख भएका पर्यटन सम्बन्धी क्रियाकलापहरू मध्ये तोकिएका क्रियाकलापहरू गर्न पर्यटकले तोकिएको दस्तुर तिरी तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

२८. **होमस्टे सम्बन्धी व्यवस्था**: (१) कुनै आन्तरिक वा विदेशी पर्यटकलाई आवास तथा खानपिनको व्यवस्था सहितको होमस्टे संचालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(२) होमस्टे सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **पर्यटक बस तथा अन्य सवारी साधन सम्बन्धी व्यवस्था**: प्रदेश सरकारले तोकिए बमोजिम पर्यटकहरुलाई यातायातको सुविधा उपलब्ध गराउन आफै वा कुनै संघसंस्था, कम्पनी मार्फत पर्यटक बस, विद्युतीय बस, मोनोरेल, केवलकार वा अन्य यातायातका साधनको प्रवन्ध गर्न सक्नेछ।

३०. **दण्ड सजाय**: (१) दफा २६ बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश सरकारले दिएको

निर्देशन वा आदेश उल्लंघन गरेमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले बीस हजार रूपैयाँ जरिवाना गर्नेछ ।

(२) कुनै पर्यटकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमति नलिई दफा २७ मा तोकिएको पर्यटन सम्बन्धी कुनै क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले दश हजार रूपैयाँ जरिवाना गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएको अधिकारीले दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले मन्त्रालय समक्ष पन्ध्र दिनभित्र उजूरी दिन सक्नेछ र त्यसमा मन्त्रालयले दिएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद – ६

## विविध

३१. **पर्वतारोहण सम्बन्धी व्यवस्थाः** (१) कुनै पर्वतारोही दलले प्रचलित कानून बमोजिम अनुमति प्राप्त नगरी कुनै हिमालचूली आरोहण गर्न पाउने छैन।

(२) पर्वतारोहण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

३२. **संग्रहालय व्यवस्थापनः** (१) प्रदेश सरकारले आफै वा अन्य संघसंस्था वा निकायमार्फत ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, धार्मिक, जैविक,

प्राकृतिक महत्वका स्थान वा वस्तुहरुको संरक्षणका साथै पर्यटन प्रवर्द्धन गर्न संग्रहालयको व्यवस्थापन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका पर्यटन प्रवर्द्धन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **सांस्कृतिक समूह सम्बन्धी व्यवस्था**: (१) कुनै आदिवासी जनजाति, समुदाय वा संस्थाले परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धन गर्न चाहेमा तोकिए बमोजिम सांस्कृतिक समूह गठन गरी मन्त्रालयमा पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सांस्कृतिक समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **प्रतिवेदन वा विवरण पेश गर्ने गराउने अधिकार**: (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा दफा १२ बमोजिम होटल वा लज दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले तोकिए बमोजिम आवधिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक प्रदेश सरकारले समय समयमा ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र प्राप्त व्यक्ति वा दफा १२ बमोजिम होटल लज वा दफा २६ बमोजिम पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिसंग आवश्यक देखिएमा अन्य विवरण माग गर्न सक्नेछ।

(३) प्रदेश सरकारले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसायको कार्यालय वा त्यसको

काम कारवाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाव किताव तथा अन्य अभिलेख जाँच्न जँचाउन सक्नेछ ।

३५. <u>**अरूलाई काम गर्न दिन नहुने**</u>: ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र प्राप्त व्यक्ति वा दफा १२ बमोजिम होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय अरूलाई बन्धक दिन वा अरू कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरू कसैलाई काम गर्न दिन हुँदैन ।

तर, त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सी तथा होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसायले कुनै वित्तीय संस्थासंग कारोबार गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

३६. <u>**आन्तरिक पर्यटक सम्बन्धी विशेष व्यवस्था**</u>: (१) आन्तरिक पर्यटक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था नेपाली पर्यटकहरूको सम्बन्धमा लागू नहुने गरी तोकिदिन सक्नेछ ।

३७. <u>**विवरणमा हेरफेर भएमा सूचना दिनु पर्ने**</u>: ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्रका लागि वा होटल, लज, रेष्टुराँ तथा रिजर्ट बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसायको दर्ताको लागि वा प्रदेश भित्र काम गर्न पाउने माग गरी दरखास्त दिंदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको पन्ध्र दिनभित्र उक्त कुराको सूचना ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा होटल, लज, रेष्टुराँ तथा रिजर्ट बार

वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले प्रदेश सरकार समक्ष सूचना दिनु पर्नेछ ।

३८. **व्यवसाय बन्द गर्नु परेमा सूचना दिनु पर्ने**: ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्तिले वा दफा १२ बमोजिम होटल, लज, रेष्टुराँ तथा रिजर्ट बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र प्रदेश सरकार समक्ष सूचना दिनु पर्नेछ ।

३९. **निर्देशन दिने अधिकार**: ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा दफा १२ बमोजिम दर्ता भएको वा प्रदेश भित्र काम गर्न सूचिकृत भएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिलाई प्रदेश सरकारले पर्यटन विकास सम्बन्धी विषयलाई लिएर आवश्यक निर्देशन दिन सक्नेछ ।

४०. **सजाय**: (१) देहायको कुनै काम गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयाँ जरिवाना गर्नेछ ।

(क) दफा ३४ बमोजिम पेश गर्नु पर्ने प्रतिवेदन तोकिए बमोजिम पेश नगरेमा वा कार्यालय वा अभिलेख निरीक्षण गर्न वा जाँच्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न बाधा विरोध गरेमा,

(ख) दफा ३५ बमोजिमको निर्देशनको पालना नगरेमा ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र उच्च अदालत समक्ष पुनरावेदन गर्नसक्नेछ ।

४१. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** यो ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त सबै वा कुनै अधिकार प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

४२. **पर्यटन विकास परिषदः** (१) पर्यटकीय गन्तव्यहरुको पहिचान, अध्ययन, अनुसन्धान, संरक्षण, विकास र प्रचार प्रसार गर्न प्रदेश सरकारले पर्यटन विकास परिषद् गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदको संगठन संरचना, कार्यविधि तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. **यो ऐन लागू नहुनेः** नेपाल सरकार वा प्रदेश सरकारले चलाएको कुनै ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, होटल वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय सरकार स्वयम् वा स्थानीय तह वा निजी क्षेत्र वा सहकारी क्षेत्रसँगको सहकार्यमा संचालन हुने अवस्थामा यो ऐनको कुनै वा सबै व्यवस्था लागू नहुने गरी प्रदेश सरकारले आदेश जारी गर्न सक्नेछ ।

४४. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

**४५.** **बचाउः** (१) नेपाल सरकारले प्रचलित कानून बमोजिम पर्यटन उद्योग व्यवसाय संचालन गर्नेगरी इजाजत दिएका संस्थाहरुले यो ऐन लागू भैसकेपछि प्रदेश क्षेत्रभित्र समेत काम गर्ने गरी अनुमतिको कारवाही प्रारम्भ गरिसकेको अवस्थामा यो ऐन जारी हुनु भन्दा पूर्व गरेका कामहरुलाई निरन्तरता दिन सक्नेछन् ।

(२) यो ऐन जारी हुनुपूर्व प्रचलित कानूनअन्तर्गत ट्राभल एजेन्सी तथा पथ प्रदर्शकले पाएको इजाजत पत्रलाई प्रदेश भित्र समेत कामगर्न पाउने गरी अनुमति लिएमा सो अनुमति पत्र यसै ऐन बमोजिम पाएको मानिनेछ ।

(३) यो ऐन जारी हुनुपूर्व प्रचलित कानून अन्तर्गत पर्यटक स्तरको होटल भनी दर्ता भएको होटल यसै ऐन अन्तर्गत दर्ता भएको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७६/०१/२४

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय